annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ४४ पृष्ठ ८ | काठमाडौं, बिहीबार ३१ जेठ २०८१ | जेष्ठ शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४४ | THURSDAY, JUNE 13, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# देशभर १७,५९३ टोल

## वडाको मुख्य आम्दानीको स्रोत : भूमि तथा मालपोत कर

राज्य पुनर्संरचनासँगै नेपालमा ६ हजार ७ सय ४३ वडा कायम भए । संघीय संरचनामा देशको सबैभन्दा तल्लो प्रशासनिक एकाइ वडा हो । ७ सय ५३ स्थानीय तहअन्तर्गतका यी वडाको वास्तविक सामाजिक, आर्थिक, सेवा सुविधा, जातजातिको बसोबास, प्राकृतिक विपद्को अवस्था के कस्तो छ ? यसलाई दर्शाउने गरी राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार राष्ट्रिय जनगणना वि.सं.२०७८ को सामुदायिक प्रतिवेदन सार्वजनिक गरेको छ ।


समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
– को रिपोर्ट




प्रदेशअनुसार वडाहरूबाट निकासी हुने गैरकृषिजन्य प्रमुख पाँच वस्तु (प्रतिशतमा)

| देश/प्रदेश | पहिलो स्थान | दोस्रो स्थान | तेस्रो स्थान | चौथो स्थान | पाँचौं स्थान |
|---|---|---|---|---|---|
| कोशी | नदीजन्य उत्पादन (४७.९) | काठ दाउरा (२०.३) | औद्योगिक (१०.५) | जडीबुटी (६.०) | रुद्राक्ष (४.७) |
| मधेस | नदीजन्य उत्पादन (४६.३) | माटो/इँटा (२४.३) | औद्योगिक (२३.५) | काठ दाउरा (३.१) | जडीबुटी (१.०) |
| बागमती | नदीजन्य उत्पादन (६०.३) | औद्योगिक (१४.३) | काठ दाउरा (९.२) | माटो/इँटा (४.३) | जडीबुटी (३.३) |
| गण्डकी | नदीजन्य उत्पादन (६४.२) | काठ दाउरा (१३.०) | औद्योगिक (१०.६) | जडीबुटी (३.०) | माटो/इँटा (२.८) |
| लुम्बिनी | नदीजन्य उत्पादन (५०.७) | औद्योगिक (११.८) | काठ दाउरा (१०.३) | मसलाजन्य (९.३) | माटो/इँटा (६.४) |
| कर्णाली | नदीजन्य उत्पादन (४५.२) | मसलाजन्य (१९.३) | जडीबुटी (१४.६) | काठ दाउरा (११.४) | औद्योगिक (३.२) |
| सुदूरपश्चिम | नदीजन्य उत्पादन (५२.२) | औद्योगिक (११.२) | जडीबुटी (१०.४) | काठ दाउरा (१०.४) | माटो/इँटा (४.२) |




## 'नीति' हराएको राजनीति



**राजकिशोर यादव**

इजलास

मुलुकमा राजनीतिक दल र नेताहरू धेरै छन्। तर, पनि कुशल नेतृत्वको अभाव खड्किएको छ। सबै नेपालीलाई डोर्‍याएर लैजाने क्षमतावान राजनेताको आवश्यकता देखिएको छ। मुलुकको राजनीतिक डिस्कोर्स अहिले गलत बाटोमा गइरहेको छ।

सबै नीतिहरूको मूल नीति नै राजनीति हो। बिडम्बना, अहिले राजनीतिमा नीति गायब भएको छ। राजनीति नै गलत बाटोतर्फ उन्मुख भइरहेको छ। राजनीति नेतृत्वप्रतिको जनविश्वास हराएको छ। कुन पार्टीको नेता कतिबेला के गर्छन् ? त्यसको कुनै निश्चितता छैन।

शीर्ष नेतृत्वले बोलेको पार्टीका अन्य प्रभावशाली नेताहरूलाई नै विश्वास हुन छोडिसकेको छ। जब नेतृत्व कमजोर हुन्छ वा नेतृत्वमाथि अविश्वास बढ्छ अराजक तत्वहरू सलबलाउँछन्। कुण्ठा निकाल्न खोज्छन्।

अहिले मुलुकको राजनीतिमा अविश्वास र अनिश्चितताको वातावरण सिर्जना भएको छ। लोकतन्त्रको नाममा भीडतन्त्र देखा पर्दै छ। राज्यको प्रणालीले जब काम गर्न छोड्छ, तब अराजकता उत्पन्न हुन्छ।

फलस्वरूप हाम्रो समाज अराजकतातर्फ बढ्दै गएको छ। सामाजिक सञ्जालको दुरुपयोग बढ्दो छ। जिद्दी, बलजफ्तको प्रवृत्ति हावी हुँदै गएको छ। सामाजिक सञ्जालमा जे मन लाग्यो त्यहीँ लेख्ने वा पोस्ट गर्ने क्रम चुलिँदै गएको छ।

विगतमा राजनीतिक दलले आफ्नो अनुकूलताका लागि भ्रातृ संगठनहरूलाई उपयोग गर्थे। शीर्ष नेताहरूले विभिन्न झेल गर्ने र स्वार्थ पूरा नहुँदा भ्रातृ संगठनलाई उक्साउने, उचाल्ने काम गरेका थिए।

त्यसको विभिन्न रूप अहिले पनि सडकमा प्रदर्शित हुने गरेको छ। हुलहुज्जत गर्ने प्रवृत्ति बढेको छ। जे कुराको छिनोफानो पनि सडकमा हुने अवस्था सिर्जना हुनु दुर्भाग्यपूर्ण छ। समाज अहिले एकप्रकारको भ्रष्टीकरणतर्फ उन्मुख भएको छ।

*(यादव, जनता समाजवादी पार्टीका नेता हुन्)*

# अत्यधिक गर्मीले कक्षाकोठामै विद्यार्थी बेहोस

**गोपाल शर्मा भट्टराई** | *दाङ*
**क्रान्ति शाह** | *वीरगन्ज*
**राजन गाउँले** | *सिन्धुली*

अत्यधिक गर्मीका कारण दाङको तुलसीपुरमा रहेको एक विद्यालयका विद्यार्थी बेहोस भएका छन्। तुलसीपुर उपमहानगरपालिका-११ मा रहेको अमर माध्यमिक विद्यालय उरहरीमा पढ्ने ७ जना विद्यार्थी गर्मीका कारण बेहोस भएको प्रधानाध्यापक पदम वलीले जानकारी दिए। बेहोस भएका विद्यार्थीको अवस्था सामान्य रहको वलीले बताए। गर्मीका कारण दिनहुँजसो विद्यार्थी बेहोस हुँदै आएकाले केही दिनका लागि तुलसीपुर उपमहानगरपालिकाले गर्मी बिदा गरिदिन उनले आग्रह गरेका छन्।



**तुलसीपुर उपमहानगरपालिकाको अमर माविमा गर्मीले कक्षामै बेहोश भएका विद्यार्थी।** ● अन्नपूर्ण

**दाङका विद्यालयमा दुई दिन बिदा**

दाङको तुलसीपुर र घोराही उपमहानगरपालिकामा रहेका विद्यालयहरू दुई दिन बन्द गरिएको छ। अत्यधिक गर्मीका कारण विद्यार्थी कक्षाकोठामै बेहोस हुन थालेपछि पालिकाहरूले दुई दिनका लागि विद्यालय बन्द गर्ने निर्णय गरेको हो। केही दिनदेखि अत्यधिक तापक्रम बढेको र जसका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेपछि जेठ ३१ र ३२ गते दुईदिन पालिकाभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालय बन्द गर्ने निर्णय गरिएको घोराही उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषिराम केसीले जानकारी दिए। यसैगरी तुलसीपुर महानगरपालिकाले पनि जेठ ३१ र ३२ गतेका लागि सामुदायिक र संस्थागत विद्यालयहरू बन्द गर्ने निर्णय गरेको छ।

**वीरगन्जमा पनि ३ दिन बिदा**

तराई-मधेसमा केही दिनयता गर्मी अत्यधिक बढेर जनजीवन अस्तव्यस्त भएपछि वीरगन्ज महानगरपालिकाले शिक्षण संस्थाहरूमा फेरि तीन दिनका लागि गर्मी बिदा दिने निर्णय गरेको छ।

बढ्दो गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भन्दै वीरगन्ज महानगरपालिकाले जेठ ३१ गतेदेखि असार २ गतेसम्म महानगरमा रहेका सबै सामुदायिक र संस्थागत विद्यालयहरू बन्द गर्ने निर्णय गरेको हो। यसअघि महानगरपालिकाले यही जेठ १६ देखि १८ गतेसम्म पनि विद्यालयहरूमा गर्मी बिदा दिएको थियो।

» बाँकी पृष्ठ ६

## करोडौं ठगी गर्ने ६ जना कन्सल्टेन्सी सञ्चालक पक्राउ

**काठमाडौं** (अन्नपूर्ण) : सामाजिक सञ्जालमार्फत विज्ञापन गरेर युरोपका देशहरूमा आकर्षक तलबको प्रलोभन देखाएर एक हजार बढीलाई करोडौं ठगी गर्ने ६ जना कन्सल्टेन्सी सञ्चालक पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कन्सल्टेन्सी सञ्चालकसहित उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा सुर्खेत घर भई कोटेश्वर बस्ने २७ वर्षीय रेशम रावल, मोरङ घर भई नरेफाँट बस्ने ३५ वर्षीय सन्तवीर घिमिरे, सुर्खेत घर भई कोटेश्वर बस्ने २४ वर्षीय प्रेमबहादुर रावल, डडेलधुरा घर भई कोटेश्वर बस्ने २६ वर्षीय राजेश साउद, काभ्रेपलाञ्चोक घर भई धुम्बाराही बस्ने ३० वर्षीय सुरेन्द्र तामाङ र रामेछाप घर भई कोटेश्वर बस्ने २५ वर्षीय टंकराज खनाल छन्।

उनीहरूले सामाजिक सञ्जालमा वैदेशिक रोजगारको झुटो विज्ञापन बुस्ट गरेर ठगी गर्दै आएका थिए। उनीहरूले पोल्यान्ड, पोर्चुगल, फ्रान्स, माल्टा, रोमानिया, क्रोएसियालगयतका देशमा पठाइदिने भन्दै एक हजार बढीलाई ठगी गरेका थिए।

# विज्ञापन बजारको कालोबजारी हटाउन सम्झौता

## मिडियाले किफायती रेट राख्ने, एजेन्सीले १५ प्रतिशत मात्र कमिसन लिने

**सुनिता कार्की** | *काठमाडौं*

विश्वमा विज्ञापनको बजार करिब ११ प्रतिशतले बढिरहँदा नेपाली विज्ञापन बजार भने खुम्चिँदै गएको छ। यसको मुख्य कारण हो- विज्ञापन बजारमा हुने कालोबजारी। सञ्चारमाध्यमहरूले ९० प्रतिशतसम्म विज्ञापन छुटमा विज्ञापन प्रकाशन तथा प्रसारण गर्दै आएका छन्।

यही समस्यालाई ध्यान दिएर, विज्ञापन एजेन्सीसम्बद्ध संघहरू र सञ्चार माध्यम सम्बद्ध संघहरूबीच पारदर्शी विज्ञापन बजारका लागि व्यावसायिक साझेदारीमा सम्झौता भएको छ। सम्झौताअनुसार सञ्चारमाध्यमले कम्तीमा उत्पादन लागत उठ्ने दररेट सार्वजनिक गर्नुपर्ने छ भने दर्ता भएका विज्ञापन एजेन्सीहरूले १५ प्रतिशत कमिसन मात्र लिन पाउने छन्। विज्ञापन बजारमा भइरहेको कमिसन र कालोबजारीको खेल अन्त्य नभएसम्म विज्ञापन बजार र सञ्चार उद्योग फस्टाउन नसक्ने निश्कर्ष स्वरूप यो सम्झौता भएको हो।

नेपाल विज्ञापन संघ (आन), राष्ट्रिय विज्ञापन संघ नेपाल (नान), नेपाल मिडिया सोसाइटी र मिडिया एलायन्स नेपालबीच बुधबार सम्झौता भएको हो। अब तोकिएको दररेटभन्दा कममा विज्ञापन गर्न नपाउने बाध्यकारी आचारसंहिता लागू गरिएको छ। सम्झौता २०८१ साउन १ गतेबाट लागू हुनेछ।



**मिडिया र विज्ञापन सम्बद्ध चार संस्थाका पदाधिकारी बुधबार राजधानीमा सम्झौता गर्दै।** ● अशोक दुलाल

यो व्यावसायिक साझेदारीको सम्झौतापत्रको उद्देश्य मूलधारका सञ्चारमाध्यमहरूमा विज्ञापन कारोबार गर्दा त्यसका लागि सम्बन्धन प्राप्त विज्ञापन व्यावसायिक संस्था (एजेन्सी) सँग सशर्त व्यावसायिक कारोबार गर्नु तथा गराउनु रहेको छ। यो आचार संहिताले विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच पारदर्शी विज्ञापन र विज्ञापन राजस्व बढाउन मदत गर्ने अपेक्षा लिइएको सरोकारवालाहरूले बताएका छन्।

विज्ञापन बजारको नियामक निकाय नेपाल विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले एजेन्सी र सञ्चारमाध्यमबीच भएको सहमति विज्ञापन बजारलाई व्यवस्थित गर्न महत्वपूर्ण भएको बताएका छन्। बोर्डले पारदर्शी विज्ञापन बजारका लागि गरिरहेको पहलमा यसले भूमिका खेल्ने भन्दै हुमागाईंले सबै पक्षले कार्यान्वयनमा जोड दिनुपर्ने बताएका छन्। नेपाल विज्ञापन संघका अध्यक्ष सुदीप थापाले विज्ञापन बजारमा एकअर्कालाई हेर्ने दृष्टिकोण नकारात्मक भइरहेको अवस्थामा यो सहमतिले विश्वासको वातावरण सिर्जना गर्ने विश्वास व्यक्त गरेका छन्। दुवै उद्योग बाँच्न पारदर्शी विज्ञापन बजार आजको आवश्यकता भएको उनको भनाइ छ। यस्तै, राष्ट्रिय विज्ञापन संघ नेपालका अध्यक्ष धर्मेन्द्र काजी श्रेष्ठले पनि यो सहमतिले विज्ञापन दररेटमा चलिरहेको विकृतिलाई रोक्ने र स्वस्थ प्रतिस्पर्धासहित विज्ञापन व्यवसायी तथा सञ्चारमाध्यमलाई थप व्यावसायिक बनाउन मदत गर्ने बताए।

विज्ञापन बोर्डकै अध्ययनअनुसार सञ्चारमाध्यमहरूले २० देखि ९० प्रतिशतसम्म छुटमा सरकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने गरेको पाइएको छ। बोर्डले छुटअघि र छुट पछिको विज्ञापनको रकम लेखाजोखा गरेको थियो। अध्ययनले पत्रपत्रिका, रेडियो र टिभीमा छुट अघिको विज्ञापनको कुल कारोबार ३० अर्ब ६१ करोड ८० लाख देखाएको छ। तर, कमिसन छुट पछिको कारोबार १३ अर्ब २३ करोड १९ लाख मात्रै देखाएको छ। यसमा सरकारी विज्ञापन करिब ६ देखि ७ अर्बको छ। छापा माध्यममा मात्रै वार्षिक ८ अर्ब ४९ करोड ५९ लाख ५७ हजार ८ सय रुपैयाँको सरकारी विज्ञापन छापिन्छ। तर, मिडियाले ३ अर्ब ६८ करोड मात्रै पाउने गरेको बोर्डको अध्ययनले देखाएको छ। छुटअघिको कुल कारोबारमध्ये पत्रपत्रिकाको अंश सबैभन्दा बढी ७१.८३ प्रतिशत (२२ अर्ब २ करोड ४८ लाख) रहेको देखाएको छ।

» बाँकी पृष्ठ ६